राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ०२ २०८३ साउन २ गते शनिवार (18 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## बागमतीमा मन्त्रालय १४ बाट ८ मा झारियो

दैनिक समाचारदाता

हेटौँडा, १ साउन । बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या १४ बाट घटाएर ८ मा सीमित गरेको छ। नयाँ आर्थिक वर्ष २०८३/८४ को सुरुवातसँगै मन्त्रिपरिषद्को कार्यविभाजन सम्बन्धी निर्णय बिहीबारदेखि कार्यान्वयनमा आएको हो।

वैशाख २२ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको सिफारिसमा मन्त्रिपरिषद्को कार्यविभाजन गरेका हुन्। नयाँ संरचनाअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेशमा अब आठ मन्त्रालय रहनेछन्। मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारी आफैं सम्हालेका छन्।

यसअनुसार मधुसूदन पौडेललाई कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, शिवराज अधिकारीलाई आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, कञ्चनचन्द्र वादेलाई स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, डा. दिनेशचन्द्र देवकोटालाई भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रभात तामाङलाई आर्थिक मामिला तथा योजना मन्त्रालय, कृष्णकुमार तामाङलाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय तथा बिन्दु श्रेष्ठलाई उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी दिइएको छ।

त्यस्तै, किरण थापा मगर, उर्मिला नेपाल, भरतबहादुर केसी, सुरेश श्रेष्ठ, जयराम थापा र बिनु रायमाझी पौडेललाई बिना विभागीय मन्त्रीका रूपमा जिम्मेवारी तोकिएको प्रदेश सरकारले जनाएको छ।

## नागरिकताविहीन आमाहरूको पीडा
# ‘छोराछोरीको भविष्य हेरेर मात्र बाँचेकी छु’

दैनिक समाचारदाता

जनकपुरधाम, १ साउन । ‘म अन्तरजातीय प्रेम विवाह गरेर श्रीमानसँग जीवन बिताएँ । तीन सन्तानकी आमा बनेँ । तर आज मेरो आफ्नै नागरिकता छैन । श्रीमान् बित्नुभयो, उहाँको परिवारले कहिल्यै स्वीकारेन । छोराछोरीको जन्मदर्तासमेत बनाउन वडा कार्यालयले मानेको छैन । कहिलेकाहीँ सबै कुरा अन्त्य गरौँजस्तो लाग्छ, तर सन्तानको अनुहार हेरेर मात्रै बाँचेकी छु ।’




यी शब्द धनुषाको धनुषाधाम नगरपालिका(८ धारापानीकी राधिका यादवका हुन् । जनकपुरधाममा शुक्रबार आयोजित ‘पीडितको न्यायमा पहुँच’ विषयक अन्तरक्रिया कार्यक्रममा उनले आँसु थाम्न नसक्दै आफ्नो पीडा सुनाइन् । सभाहल केही क्षणका लागि मौन बन्यो ।

राधिकाले विवाह गर्दा उमेरसमेत नपुगेको बताइन् । श्रीमान् जीवित रहँदासम्म अलग्गै बसेर भएपनि परिवारको गुजारा चलिरहेको थियो । तर श्रीमानको निधनपछि सबै आधार टुट्यो । श्रीमानले पनि नागरिकता बनाएका थिएनन् र परिवारले उनीहरूलाई कहिल्यै स्वीकारेन ।

‘अब छोराछोरी विद्यालय जान चाहन्छन् । विद्यालय भर्नाका लागि जन्मदर्ता अनिवार्य छ । तर वडा अध्यक्षले जन्मदर्ता बनाउनै मान्नुहुन्न । नागरिकता पनि छैन, जन्मदर्ता पनि छैन । आखिर हामी कहाँ जाऊँ ?’ उनले जनकपुर उच्च अदालतका मुख्य न्यायाधीश टेकनारायण कुँवर, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल र महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलगायत अधिवक्ता, मानव अधिकारकर्मीको उपस्थितमा कानुन व्यवसायीहरूसामु न्यायको याचना गरिन् ।

यस्तै व्यथा महोत्तरीको औरही गाउँपालिका(३ शिवपुरकी इन्दिरा कुमारी मण्डलले पनि सुनाइन् ।

उनले यादव समुदायका युवकसँग प्रेम विवाह गरेकी थिइन् । केही समयसँगै बसेपछि एक सन्तान जन्मियो । तर परिवारको दबाबपछि श्रीमानलाई भारत पठाइएको र त्यसयता उनको कुनै सम्पर्क नभएको उनले बताइन् ।

‘म अहिले माइतीमै बस्दै आएकी छु । आर्थिक अवस्था निकै कमजोर छ, साना बच्चा छन्, मेरो जन्मदर्ता छ, तर विवाह दर्ता छैन । नागरिकता पनि छैन । मेरो बच्चाको जन्मदर्ता बनाउन वडा कार्यालयले अस्वीकार गरिरहेको छ,’ उनले भनिन् ।

दुवै महिलाको पीडाले एउटा गम्भीर यथार्थ उजागर गर्‍यो( अन्तरजातीय विवाह गरेका महिलाहरू नागरिकता, जन्मदर्ता र कानुनी पहिचानबाट वञ्चित हुँदा उनीहरू मात्र होइन, उनीहरूका सन्तानको भविष्यसमेत अन्योलमा परेको छ ।

कार्यक्रममा जनकपुर उच्च अदालतका मुख्य न्यायाधीश टेकनारायण कुँवरले ‘किन महिला र बालबालिका बढी प्रभावित हुन्छन् ?’ विषयमा कार्यपत्र प्रस्तुत गर्दै लैङ्गिक असमानता, आर्थिक निर्भरता, घरेलु तथा यौन हिंसा, मानव बेचबिखन, बाल यौन शोषण, साइबर हिंसा तथा परिवारभित्रबाट हुने अपराधका कारण महिला र बालबालिका न्यायबाट टाढा पर्ने गरेको उल्लेख गरे ।

उनले पीडितले सहज रूपमा

बाँकी पृष्ठ ३मा

## धनुषामा ५० प्रतिशत मात्र धान रोपाइँ, मल अभावले किसान चिन्तित

**वीरेन्द्र कर्ण**

जनकपुरधाम, १ साउन । अन्नको भण्डारका रूपमा परिचित धनुषा जिल्लामा हालसम्म करिब ५० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। ढिलो गरी मनसुन सक्रिय हुनु, पर्याप्त वर्षा नहुनु तथा समयमा मल उपलब्ध हुन नसक्दा यस वर्ष रोपाइँ प्रभावित भएको कृषि अधिकारीहरूले बताएका छन्।



कृषि ज्ञान केन्द्र धनुषाका अनुसार जिल्लाको ७६ हजार ५३१ हेक्टर खेतीयोग्य जमिनमध्ये ४३ हजार ७०० हेक्टर क्षेत्रमा धान खेती हुँदै आएको छ। हालसम्म २१ हजार ८५० हेक्टर अर्थात् करिब ५० प्रतिशत क्षेत्रमा मात्र धान रोपाइँ सम्पन्न भएको छ।

कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख प्रदीपकुमार यादवका अनुसार यस वर्ष मनसुन ढिलो भित्रिएकाले र अपेक्षाकृत कम वर्षा भएकाले रोपाइँ ढिलो सुरु भएको हो। यसको प्रत्यक्ष असर धान उत्पादनमा पनि पर्ने सम्भावना रहेको उनले बताए।

उनका अनुसार जिल्लामा खेतीयोग्य जमिनमध्ये करिब १६ हजार हेक्टर क्षेत्र मात्र सिँचाइ

बाँकी पृष्ठ ३मा

सजग उपभोक्ता बनौं

- सामान खरिद गर्दा देहायका विषय सुनिश्चित गरौं ।
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरिका र प्रयोग गर्नु पूर्वको सावधानी ।


*सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं*

*भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं*


नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# 'द ओडिसी'बाट बक्स अफिसमा नयाँ इतिहास रच्ने अपेक्षा



लस एन्जलस । क्रिस्टोफर नोलन निर्देशित बहुप्रतीक्षित हलिउड फिल्म 'द ओडिसी' शुक्रबारदेखि विश्वभर प्रदर्शनमा आउँदैछ। अस्कर विजेता 'ओपेनहाइमर' पछि नोलनको नयाँ फिल्म भएकाले यसप्रति दर्शक र चलचित्र उद्योगको ठूलो चासो रहेको छ।

- क्रिस्टोफर नोलन निर्देशित बहुप्रतीक्षित हलिउड फिल्म 'द ओडिसी' शुक्रबारदेखि विश्वव्यापी रूपमा प्रदर्शन हुँदैछ।
- उत्तर अमेरिकी बजारसहित विश्वभर यो फिल्मले पहिलो सप्ताहन्तमा २०० मिलियन डलरभन्दा बढी कमाउने प्रक्षेपण गरिएको छ।
- आइम्याक्स क्यामेरामा छायाङ्कन गरिएको यो फिल्म युरोप र अस्ट्रेलियाका कतिपय हलमा प्रदर्शन हुनुअगावै सोल्डआउट भैसकेको छ।

गत साता डिज्नीको 'मोआना' ले विश्वव्यापी बक्स अफिसमा करिब १३० मिलियन डलर कमाउने अनुमान सार्वजनिक भए पनि, होमरको महाकाव्यमा आधारित 'द ओडिसी' त्यसबाट प्रभावित नहुने विश्वास गरिएको छ। अहिलेको मुख्य चासो भने फिल्मले अनुमानभन्दा कति राम्रो व्यापार गर्छ भन्नेमा केन्द्रित छ। आइम्याक्स क्यामेरामा छायांकन गरिएको यो फिल्म विशेष रूपमा आइम्याक्समै हेर्ने अनुभवलाई लक्षित गरेर निर्माण गरिएको हो।

फिल्मको दोस्रो सप्ताहन्तसम्म म्याट डेमन, रोबर्ट प्याटिन्सन, जेन्डाया, टम हल्यान्ड, एन ह्याथवे, जोन बर्नथल र लुपिटा नियोङ'ओ अभिनित यस चलचित्रसँग प्रतिस्पर्धा गर्ने कुनै ठूलो स्टुडियोको बहुप्रतीक्षित फिल्म प्रदर्शनमा नआउने भएकाले यसको व्यापार थप बलियो रहने अपेक्षा गरिएको छ।

प्राप्त जानकारीअनुसार, 'द ओडिसी' ले उत्तर अमेरिकी बजारमा पहिलो सप्ताहन्तमै ८५ देखि १०० मिलियन डलरसम्म कमाउने अनुमान गरिएको छ। साथै, ७३ अन्तर्राष्ट्रिय बजारका २२ हजार ७०० स्क्रिनबाट करिब ११० मिलियन डलर आम्दानी हुने अपेक्षा गरिएको छ। यससँगै फिल्मको प्रारम्भिक विश्वव्यापी कमाइ २०० मिलियन डलर नाघ्ने प्रक्षेपण गरिएको छ।

युनिभर्सलले 'ओपेनहाइमर' प्रदर्शन गरेका अधिकांश बजारमा 'द ओडिसी' पनि एकैसाथ रिलिज गर्न लागेको हो। यसपटक भने इटाली र ग्रीसमा पहिलो दिनदेखि नै प्रदर्शन हुनेछ, जबकि 'ओपेनहाइमर' त्यहाँ अगस्टको अन्त्यतिर रिलिज भएको थियो। दक्षिण कोरिया, जापान र चीनमा भने फिल्म केहीपछि प्रदर्शन गरिनेछ।

'ओपेनहाइमर' ले १७ हजार ५०० अन्तर्राष्ट्रिय स्क्रिनबाट ९८.७ मिलियन डलर कमाउँदै विश्वभर १८१.१ मिलियन डलरको ओपनिङ गरेको थियो। त्यतिबेला वार्नर ब्रदर्सको 'बार्बी' जस्तो शक्तिशाली प्रतिस्पर्धी फिल्म पनि एकैसाथ प्रदर्शनमा थियो। यसपटक भने सप्ताहन्तमा कुनै अर्को ठूलो स्टुडियोको नयाँ व्यापक रिलिज नभएकाले 'द ओडिसी' लाई थप फाइदा पुग्ने अपेक्षा गरिएको छ।

यसबीच, फुटबल विश्वकपले फिल्मको व्यापारमा असर पार्ने हो कि भन्ने प्रश्न पनि उठेको छ। नोलनका लागि महत्त्वपूर्ण बजार बेलायत विश्वकपमा व्यस्त रहे पनि उद्योग स्रोतहरूका अनुसार विश्वकप नभएका दिन दर्शक फिल्म हेर्न हल पुग्ने विश्वास गरिएको छ।

स्रोतका अनुसार धेरै दर्शकले अग्रिम टिकट खरिद गरिसकेका छन्। युरोप र अस्ट्रेलियाका कतिपय चलचित्र हलमा फिल्मका टिकट पहिले नै सोल्डआउट भइसकेका छन्।

विश्लेषकहरूका अनुसार उत्तर अमेरिकामा फिल्मले अनुमानित न्यूनतम ८५ मिलियन डलर मात्रै कमाए पनि त्यसको अर्थ दर्शकले अझ राम्रो सिट र उपयुक्त शो समयको प्रतीक्षा गरिरहेको हुन सक्छ।

नोलनका अघिल्ला फिल्महरूको व्यापार हेर्दा पनि 'द ओडिसी' को दीर्घकालीन प्रदर्शन बलियो रहने संकेत देखिन्छ। 'ओपेनहाइमर' ले ८२.४ मिलियन डलरको ओपनिङपछि उत्तर अमेरिकामा ३३० मिलियन डलर कमाएको थियो। 'डन्कर्क' ले ५०.५ मिलियन डलरबाट यात्रा सुरु गर्दै १८९.७ मिलियन डलर र 'इन्सेप्सन' ले ६२.७ मिलियन डलरको ओपनिङपछि २९२.५ मिलियन डलर कमाएको थियो।

यद्यपि दर्शकको औपचारिक प्रतिक्रिया आउन बाँकी छ, फिल्म हेरेका सञ्चारकर्मीबाट सकारात्मक समीक्षा प्राप्त भएको छ। धेरैले यसलाई आगामी अवार्ड सिजनको बलियो दाबेदारका रूपमा समेत हेर्न थालेका छन्।

यो फिल्म जेन्डाया र टम हल्यान्डका लागि पनि विशेष महत्त्वको छ। वास्तविक जीवनमा वैवाहिक सम्बन्धमा रहेका यी दुई कलाकार 'द ओडिसी' मा सहकलाकार भए पनि उनीहरूको कुनै संयुक्त दृश्य छैन। उनीहरू जुलाई ३१ मा रिलिज हुने 'स्पाइडर-म्यान: ब्रान्ड न्यू डे' मा भने मुख्य भूमिकामा देखिनेछन्।

'ओपेनहाइमर', 'टेनेट', 'डन्कर्क', 'इन्टरस्टेलार', 'इन्सेप्सन' र 'द डार्क नाइट' शृंखलासहित क्रिस्टोफर नोलनका फिल्महरूले विश्वव्यापी बक्स अफिसमा ६ अर्ब डलरभन्दा बढी कमाइसकेका छन्। उनका फिल्महरूले हालसम्म १८ वटा अस्कर पुरस्कार जितेका छन् भने ४९ वटा अस्कर मनोनयन प्राप्त गरेका छन्। 'ओपेनहाइमर' ले उत्कृष्ट चलचित्र र उत्कृष्ट निर्देशकसहितका प्रमुख अस्कर पुरस्कार जितेको थियो।

# 'ओएमजी २' को अवधारणा आफ्नै थियो : परेश रावल

मुम्बई । बलिउड फिल्म 'हेरा फेरी ३' लाई लिएर अभिनेता अक्षय कुमारसँग विवादमा रहेका वरिष्ठ अभिनेता परेश रावल ले अर्को सनसनीपूर्ण दाबी गरेका छन्। उनले सुपरहिट फिल्म 'ओह माई गड २ (ओएमजी २)' को मूल अवधारणा आफ्नै भएको तर पछि स्क्रिप्ट परिवर्तन गरी आफूलाई कुनै श्रेय नदिइएको बताएका हुन्।





पत्रकार विक्की लालवानीसँगको अन्तर्वार्तामा 'ओएमजी २' मा आफू किन नदेखिएको भन्ने प्रश्नको जवाफ दिँदै रावलले निर्देशक अमित रायसँग मिलेर आफूले नै फिल्मको प्रारम्भिक अवधारणा विकास गरेको बताए।

उनले भने, 'मैले अमित रायसँग 'रोड टु संगम' मा काम गरेको थिएँ। म उनको कामको प्रशंसक थिएँ। त्यसैले मैले उनलाई केही नयाँ गरौं भन्दै एउटा कथा प्रस्ताव गरेको थिएँ।'

परेशका अनुसार उनको मूल कथा हस्तमैथुन गरिरहेको अवस्थामा समातिएपछि भिडियो भाइरल भएर उपहासको पात्र बनेका एक युवकको वरिपरि केन्द्रित थियो। ती युवकका बुबा खजुराहोका पर्यटक गाइड हुने अवधारणा आफ्नो रहेको र पछि निर्देशक अमित रायले त्यसलाई महाकाल मन्दिरका पुजारीको पात्रमा रूपान्तरण गरेको उनले बताए।

कथालाई अश्लील नबनाई संवेदनशील ढंगले प्रस्तुत गर्न आफूले एक सेक्सोलोजिस्ट साथीसँग पटक-पटक लामो छलफल गरेको पनि उनले खुलासा गरे। रावलका अनुसार उनले कथामा मोटरसाइकल चढ्ने वा सामान बेच्ने एक पात्र पनि सिर्जना गरेका थिए, जसले बीच-बीचमा आएर जीवनसँग सम्बन्धित सन्देश दिने भूमिका निर्वाह गर्ने थियो। उक्त भूमिकाका लागि उनी स्वयं अजय देवगन र सलमान खानसँग समेत छलफल गर्न पुगेका थिए।

अक्षय कुमारसँग सुरुमा कुरा नगर्नुको कारणबारे उनले भने, 'यदि म अक्षयकहाँ गएको भए यो 'ओएमजी २' बन्ने सन्देश जान्थ्यो। त्यसैले म विपुल शाहसँग भेट्न गएँ। पछि अमितको फोन आयो र उनले केही गडबड भएको बताए। उनले अक्षय कुमार यो फिल्ममा आबद्ध भएको जानकारी दिए।'

### *स्टोरी क्रेडिट नपाएको गुनासो*

परेश रावलले निर्देशक अमित रायले अनजानमा वा अन्य कारणले स्क्रिप्टमा 'ओएमजी २' शीर्षक राखेको दाबी गरे। उनका अनुसार सुरुमा यो 'ओएमजी' को सिक्वेल नभई पूर्ण रूपमा नयाँ विषयवस्तुमा आधारित स्वतन्त्र फिल्म बनाउने योजना थियो।

उनले भने, 'हामी 'ओएमजी' जस्तै नयाँ विषयमा फिल्म बनाउन चाहन्थ्यौं, यो 'ओएमजी २' थिएन। तर पछि स्क्रिप्ट लिएर यसलाई फ्रेन्चाइजीकै रूपमा अघि बढाइयो। मैले अमितलाई यो सिक्वेल होइन भनेको थिएँ, तर उनीसँग विवाद गर्न चाहिनँ।'

रावलले अक्षय कुमारले आफूलाई फिल्ममा अभिनय गर्न आग्रह गरे पनि अस्वीकार गरेको बताए। उनका अनुसार यदि यो वास्तविक सिक्वेल भएको भए आफूले अभिनय गर्ने मात्र होइन, कथाको अवधारणाको श्रेय पनि माग्ने थिए।

उनले भने, 'यदि यो वास्तविक सिक्वेल हुन्थ्यो भने म फिल्म गर्थें, राम्रो पारिश्रमिक लिन्थें र स्टोरीको क्रेडिट पनि पाउँथें। तर दुर्भाग्यवश मलाई कथाको अवधारणाको श्रेयसमेत दिइएन।'

परेश रावलले आफ्नो दाबीबारे अक्षय कुमार, करण जोहर, सोमेन मिश्रा, अश्विन वर्दे र सलमान खानलाई पनि जानकारी रहेको बताए। परेश रावल परियोजनाबाट अलग भएपछि निर्देशक अमित रायकै निर्देशनमा बनेको 'ओएमजी २' मा अक्षय कुमार, पंकज त्रिपाठी र यामी गौतम मुख्य भूमिकामा देखिएका थिए। सन् २०२३ मा प्रदर्शनमा आएको उक्त फिल्म व्यावसायिक रूपमा सफल भएको थियो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# बीएलएको ४५ सैनिक मारेको दाबी



एजेन्सी

इस्लामाबाद, १ साउन । विद्रोही समूह बलुचिस्तान लिबरेशन आर्मी (बीएलए) ले पाकिस्तानको अशान्त बलुचिस्तान प्रान्तमा सुरक्षा बलको काफिलामाथि गरेको आक्रमणमा ४५ पाकिस्तानी सैनिक मारिएको दाबी गरेको छ।

भारतीय सञ्चारमाध्यम द प्रिन्ट ले बलुचिस्तान पोस्टलाई उद्धृत गर्दै जनाएअनुसार, बिहीबार मस्तुङ क्षेत्रमा भएको आक्रमणको जिम्मेवारी बीएलएले लिएको हो। पाकिस्तानी सेनाले आक्रमण भएको पुष्टि गरे पनि हालसम्म हताहतको आधिकारिक विवरण सार्वजनिक गरेको छैन।

बीएलएका प्रवक्ता जियान्द बलोचले जारी गरेको विज्ञप्तिमा फतेह स्क्वाडले सुरक्षा काफिला, त्यसको सुरक्षा टोली तथा घटनास्थलमा पुगेका थप सैन्य बललाई लक्षित गर्दै समन्वित आक्रमण गरेको उल्लेख गरेका छन्। विज्ञप्ति जारी गर्दासम्म पनि दुवै पक्षबीच भिडन्त जारी रहेको र मृतक तथा घाइतेको संख्या अझ बढ्न सक्ने दाबी गरिएको छ। यो आक्रमण पछिल्ला दुई सातायता बलुचिस्तानमा सुरक्षा बलमाथि भएको तेस्रो ठूलो हमला हो। यसअघि जियारत जिल्लाको माङ्गी ड्याम क्षेत्रमा भएको आक्रमणमा २७ प्रहरी तथा लासबेलामा भएको अर्को घटनामा ११ सैनिक मारिएको दाबी गरिएको थियो।

लगातारका आक्रमणपछि पाकिस्तानी सेनाले यसै साता ‘अपरेसन शाबान’ सञ्चालन गरेको छ। उक्त अभियानमा सेना, फ्रन्टियर कोर्प्स, बलुचिस्तान प्रहरी, गुप्तचर निकाय तथा हवाई सहायता परिचालन गरिएको जनाइएको छ।

पाकिस्तानी सेनाका प्रवक्ता लेफ्टिनेन्ट जनरल अहमद सरिफ चौधरीले आक्रमणका जिम्मेवारलाई खोजी गरी कडा कारबाही गरिने चेतावनी दिएका छन्। उनका अनुसार सैन्य अभियान निर्णायक रूपमा अघि बढाइनेछ।

पाकिस्तानको सबैभन्दा ठूलो तर कम जनघनत्व भएको बलुचिस्तान प्रान्तमा प्राकृतिक स्रोतसाधनमाथिको अधिकार र बढी राजनीतिक स्वायत्तताको माग गर्दै दशकौंदेखि पृथकतावादी विद्रोह जारी छ। चीनको लगानीमा विकसित ग्वादर बन्दरगाह तथा प्रान्तको रणनीतिक अवस्थिति पनि यस क्षेत्रलाई सुरक्षा र आर्थिक दृष्टिले संवेदनशील मानिन्छ।

यसैबीच, पाकिस्तान सरकारले घटनाको अनुसन्धानका लागि चार सदस्यीय छानबिन समिति गठन गरेको छ। समितिले आक्रमणको घटनाक्रम, सम्भावित सुरक्षा कमजोरी, कमान्ड संरचना तथा सुरक्षा निकायबीचको समन्वयमा भएका त्रुटिबारे अनुसन्धान गर्ने जनाएको छ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितिका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

# सर्पको टोकाइबाट कसरी जोगिने? टोकिहालेमा के गर्ने?

गर्मी र वर्षायाम सुरु भएसँगै सर्पको टोकाइ ( सर्पदंश) का घटनाहरू निकै बढ्ने गर्छन्। नेपालमा विशेषगरी तराई र भित्री मधेशका भेगहरूमा बर्सेनि सर्पको टोकाइबाट सयौँ मानिस पीडित हुने र कतिपयले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था छ।



सर्पको टोकाइबाट जोगिन घरवरपरको वातावरण सफा राख्ने, हिँड्दा सावधानी अपनाउने र व्यक्तिगत सुरक्षामा ध्यान दिने नै सबैभन्दा प्रभावकारी उपाय हुन्। सर्प विशेषज्ञ कमल देवकोटाका अनुसार सामान्य सावधानी अपनाउँदा मात्रै पनि सर्पदंशको जोखिमबाट ठूलो मात्रामा बच्न सकिन्छ।

*१. घर र वरपर सुरक्षित राख्ने उपायहरू*

झाडी र फोहोर नियमित सफा गर्नेः घरवरपर रहेका झाडी, कसिङ्गर, पातपतिङ्गर र दाउराका चाङहरू नियमित सफा गर्नुहोस्। यस्ता ओसिला र अँध्यारा ठाउँहरू सर्प लुक्ने मुख्य आश्रयस्थल हुन्।

मुसाको नियन्त्रण गर्नेः सर्पको मुख्य आहारा मुसा हो। घर र गोठवरपर मुसा बस्न नदिएमा सर्प आउने जोखिम स्वतः कम हुन्छ।

प्वाल र चिराहरू टाल्नेः घरको पर्खाल, कच्ची भुइँ वा कुनाकाप्चामा भएका प्वाल र चिराहरूलाई माटो वा सिमेन्टले राम्रोसँग टाल्नुहोस्।

भुइँमा नसुत्नेः विशेषगरी तराई क्षेत्रमा गर्मीको समयमा भुइँमा सुत्ने बानीले सर्पको टोकाइको जोखिम अत्यधिक बढाउँछ। सुत्नका लागि सधैँ खाटको प्रयोग गर्नुहोस् र खाटको चारैतिर राम्रोसँग घुसारेर झुल टाँगेर मात्र सुत्ने गर्नुहोस्।

*२. बाहिर वा खेतबारीमा काम गर्दा अपनाउने सावधानी*

सुरक्षित पोशाक लगाउनेः खेतबारी, झाडी वा जङ्गलमा जाँदा अनिवार्य रूपमा घुँडासम्म आउने मोटो र लामो गम्बुट जुत्ता, मोटो मोजा र लामो पाइन्ट लगाउनुहोस्। बाहुला भएको लुगाले पनि शरीरलाई सुरक्षित राख्न मद्दत गर्छ।

टर्चलाइटको प्रयोग गर्नेः रातिको समयमा बाहिर निस्कँदा (विशेषगरी गाउँघरमा शौचालय जाँदा वा गोठतर्फ जाँदा) सधैँ उज्यालो टर्चलाइट वा बत्ती बालेर मात्र हिँड्ने बानी बसाल्नुहोस्।

लौरोको प्रयोग गर्नेः अँध्यारो वा घाँसपात भएको ठाउँमा हिँड्दा अगाडि लौरोले भुइँ ठटाउँदै हिँड्नुहोस्। लौरोको कम्पन र आवाजका कारण सर्प तपाईंको नजिक आउँदैन र टाढै भाग्छ।

हात हाल्नुअघि सोच्नेः ढुङ्गाको चेप, रुखको प्वाल, पराल वा दाउराको चाङभित्र सिधै हात हाल्ने गल्ती कहिल्यै नगर्नुहोस्। पहिले लौरो वा लौरीको सहायताले ती ठाउँहरू छामेर मात्र काम गर्नुहोस्।

विशेष सुझावः यदि असावधानीवश सर्पले टोकिहालेमा नआत्तिईकन बिरामीलाई शान्त राख्ने, टोकेको भागलाई हलचल हुन नदिने र जतिसक्दो चाँडो 'एन्टी-स्नेक भेनम' उपलब्ध भएको नजिकैको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा पुऱ्याउनुपर्छ। घरेलु उपचार वा झारफुकको चक्करमा लागेर अमूल्य समय खेर फाल्नु हुँदैन। एजेन्सीको सहयोगमा

# पूर्वमुख्यमन्त्री सिंहद्वारा विकास आयोजनाको अनुगमन

दैनिक समाचारदाता

राजविराज, १ साउन । मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-३, सकरपुरामा आफ्नो कार्यकालमा सञ्चालन गरिएका विभिन्न विकास आयोजनाको स्थलगत अनुगमन तथा निरीक्षण गर्नुभएको छ।



बिहीबार गरिएको अनुगमनका क्रममा उहाँले रामटोलमा निर्माण गरिएको गणेश मन्दिर, सडक ढलान, मण्डलटोलमा निर्माण सम्पन्न नाला तथा सडक ढलान, मुखियाटोलको नाला र सडक ढलान तथा कमला मन्दिर निर्माणलगायतका आयोजनाको अवलोकन गर्नुभयो।

निरीक्षणपछि पूर्वमुख्यमन्त्री सिंहले स्थानीय पूर्वाधार विकासले नागरिकको दैनिक जीवन सहज बनाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै निर्माण सम्पन्न आयोजनाको दीर्घकालीन संरक्षण, नियमित मर्मतसम्भार तथा प्रभावकारी उपयोगमा स्थानीय समुदाय र सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

स्थानीयवासीले विकास आयोजना सञ्चालनमा आएपछि वर्षायाममा हुने हिलो तथा आवतजावतको समस्या उल्लेखनीय रूपमा घटेको बताएका छन्। उनीहरूले सडक, नाला तथा अन्य पूर्वाधार निर्माणले गाउँको स्वरूप परिवर्तन हुनुका साथै जनजीवनमा सकारात्मक प्रभाव परेको धारणा व्यक्त गरेका थिए।

स्थानीय दामोदर मुखियाका अनुसार अनुगमन कार्यक्रममा स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो।

## छोराछोरीको.....

उजुरी गर्न पाउने व्यवस्था, प्रभावकारी अनुसन्धान, निष्पक्ष अभियोजन, स्वतन्त्र अदालतबाट सुनुवाइ, पीडितको सुरक्षा, सम्मानजनक व्यवहार, क्षतिपूर्ति, पुनःस्थापना तथा पुनःपीडित हुनबाट संरक्षणजस्ता अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिए । साथै संविधान र कानुनले प्रदान गरेका न्यायिक प्रक्रियाबारे पनि जानकारी गराए ।

कार्यपत्रमा अपराधपीडितको न्यायमा पहुँचको अवधारणा, अन्तर्राष्ट्रिय कानुनी मापदण्ड, अनुसन्धान, अभियोजन र अदालतका चुनौतीलगायत विषय समेटिएका थिए।

कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मधेश प्रदेशको मानवअधिकार अवस्थाबारे प्रतिवेदन प्रस्तुत गर्दै मानवअधिकार उल्लङ्घनका घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेको थियो । त्यस्तै आफन्त नेपालका अमृता घिमिरेले महिला तथा बालबालिका बेचबिखनको वर्तमान अवस्थाबारे प्रस्तुति दिएका थिए ।

अन्तरक्रियामा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलगायत सरोकारवाला निकायका प्रतिनिधिहरूले न्यायमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्न राज्य थप जिम्मेवार बन्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

## धनुषामा ५०.........

सुविधायुक्त छ भने बाँकी अधिकांश क्षेत्र आकाशे पानीमा निर्भर छ। त्यसैले वर्षा ढिलो हुँदा रोपाइँको गति पनि सुस्त हुने गरेको छ।

धनुषामा करिब ९० प्रतिशत किसान धान खेतीमा आबद्ध छन्। यस वर्ष आवश्यक परिमाणमा मल कृषि सामग्री कम्पनीमा मौज्दात रहे पनि स्थानीय तहले समयमै मल नउठाएकाले किसानले सहज रूपमा मल पाउन नसकेको प्रमुख यादवले बताए।

धनुषा र महोत्तरीका २७ स्थानीय तहमा रहेका २११ सहकारी संस्थामार्फत मल वितरणको व्यवस्था भए पनि स्थानीय तहको समन्वय अभाव र वितरण प्रक्रियामा भएको चलखेलका कारण किसानहरू समस्यामा परेको उनको भनाइ छ। कतिपय स्थानमा ढुवानी खर्चका नाममा अतिरिक्त रकम असुल्ने तथा राजनीतिक पहुँचका आधारमा मल वितरण गर्ने प्रवृत्तिका कारण विपन्न किसान बढी प्रभावित भएका छन्। यस वर्ष धनुषाका किसानहरूले लाल बासमती, स्वर्णासब-१, सम्भा मन्सुली-१ तथा सोना मन्सुली लगायतका धानका उन्नत जातको खेती गरेका छन्। यद्यपि, सोना मन्सुली भारतीय मूलको जात भएकाले यसको खेतीमा संघीय सरकारले प्रतिबन्ध लगाएको छ। प्रतिबन्धका बाबजुद उच्च उत्पादन र राम्रो स्वादका कारण किसानहरूले यो जातको धान खेती गर्न छाडेका छैनन्।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# रिट आदेश कार्यान्वयनलाई प्रभावकारी बनाउन समिति गठन

दैनिक समाचारदाता
सप्तरी १ साउन । उच्च अदालत जनकपुर, राजविराज इजलासले रिट तथा निषेधाज्ञा निवेदनमा जारी हुने अन्तरिम आदेशको प्रभावकारी कार्यान्वयनका लागि तीन सदस्यीय रिट तथा फैसला कार्यान्वयन समिति गठन गरेको छ।




उच्च अदालत जनकपुर, राजविराज इजलासका न्यायाधीश रामबहादुर थापाले रिट आदेशको कार्यान्वयनलाई छिटो, प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउन समिति गठन गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार यसअघि अन्तरिम आदेशको कार्यान्वयन प्रभावकारी हुन नसकेको तथा आदेशको पूर्ण पाठ प्राप्त गर्न सेवाग्राहीले महिनौँसम्म कुर्नुपर्ने अवस्था थियो। अब समितिले आदेश जारी भएको एक साताभित्र सम्बन्धित पक्षलाई आदेश उपलब्ध गराउने व्यवस्था मिलाएको छ। साथै, अन्तरिम आदेश तत्काल आवश्यक परेका सेवाग्राहीको नाम र मोबाइल नम्बर अभिलेख गरी आदेश तयार हुनेबित्तिकै जानकारी गराउने व्यवस्था पनि सुरु गरिएको उहाँले बताउनुभयो।

समितिको संयोजकमा उपरजिष्ट्रार जानकीरमण यादव रहनुभएको छ। सदस्यमा शाखा अधिकृत महेन्द्रप्रसाद यादव तथा सदस्य-सचिवमा रिट शाखाका प्रमुख रहने अदालतले जनाएको छ।

यसैबीच, न्यायाधीश सुभाष पौडेलले रिट तथा निषेधाज्ञासम्बन्धी अन्तरिम आदेशको कार्यान्वयनका लागि यसअघि छुट्टै संयन्त्र नभएकाले समिति गठन गरिएको स्पष्ट पार्नुभयो। उहाँका अनुसार अदालत तथा मातहतका अदालतसँग सम्बन्धित गुनासोको सुनुवाइका लागि उपरजिष्ट्रारलाई प्रतिवेदन तयार गर्ने जिम्मेवारीसमेत दिइएको छ।

उहाँले आगामी आर्थिक वर्षदेखि अदालतमा डिफरेन्सिएटेड केस म्यानेजमेन्ट (डीसीएम) प्रणाली लागू गर्ने तयारी भइरहेको जानकारी दिनुभयो। साथै, अदालतमा १८ महिनाभन्दा पुराना कुनै पनि मुद्दा बाँकी नरहेको उहाँको भनाइ छ।

उच्च अदालत जनकपुर, राजविराज इजलासका रजिष्ट्रार लोकनाथ पराजुलीले बिहीबार आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्ययोजनाअनुसार अदालतको कार्यसम्पादन विवरण सार्वजनिक गर्नुभयो।

उहाँका अनुसार आर्थिक वर्षको सुरुवातमा जिम्मेवारी सरी आएका १ हजार ९८३ र अनुमानित ४ हजार ९४ नयाँ मुद्दासहित कुल ६ हजार ७७ मुद्दामध्ये ३ हजार ९६७ मुद्दा फछ्र्योट गर्ने लक्ष्य तय गरिएको थियो।

२०८३ असार मसान्तसम्म नयाँ दर्ता भएका ३ हजार ८३३ मुद्दासहित कुल मुद्दा संख्या ५ हजार ८१६ पुगेको थियो। तीमध्ये ४ हजार ३ मुद्दा फछ्र्योट भई १ हजार ८१३ मुद्दा बाँकी रहेका छन्। लगतका आधारमा अदालतको मुद्दा फछ्र्योट दर ६८.८३ प्रतिशत तथा लक्ष्यका आधारमा १००.९१ प्रतिशत रहेको रजिष्ट्रार पराजुलीले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०८१/८२ मा अदालतले ७१.६१ प्रतिशत मुद्दा फछ्र्योट गरेको थियो। अघिल्लो वर्षको तुलनामा करिब तीन प्रतिशतले फछ्र्योट दर घटे पनि निर्धारित लक्ष्यभन्दा बढी मुद्दा फछ्र्योट गर्न सफल भएको उहाँले बताउनुभयो।

# भारदह अस्पतालमा सामान्य प्रसूतिबाट तिम्ल्याहा जन्म



दैनिक समाचारदाता
सप्तरी, १ साउन । सप्तरीको तिरहुत गाउँपालिका-१ धनपुरीकी सरितादेवी सदाले एकै पटक तिम्ल्याहा सन्तानलाई जन्म दिनुभएको छ।

उहाँले बिहीबार दिउँसो करिब ३:३० बजे स्थानीय भारदह अस्पतालमा सामान्य प्रसूति (नर्मल डेलिभरी) मार्फत तीन शिशुलाई जन्म दिनुभएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. उत्तम देवले जानकारी दिनुभयो। उहाँका अनुसार आमा र तीनै जना नवजात शिशुको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

चिकित्सा विज्ञानका दृष्टिले जटिल मानिने तिम्ल्याहा गर्भावस्थामा शल्यक्रियाविना सामान्य प्रसूति हुनु तथा आमा र शिशु सबै सुरक्षित रहनु सकारात्मक उपलब्धि भएको स्थानीय सुशीला यादवले बताउनुभयो। विपन्न दलित सदा समुदायकी महिलाले एकै पटक तीन शिशुलाई जन्म दिएकाले आर्थिक अभावका कारण उनीहरूको पोषण, स्वास्थ्य उपचार र पालनपोषणमा चुनौती हुन सक्ने भन्दै स्थानीय बासिन्दाले स्थानीय सरकार तथा सम्बन्धित निकायसँग विशेष सहयोगको माग गरेका छन्।

ग्रामीण क्षेत्रमा रहेको भारदह अस्पतालले यस्तो जटिल प्रसूति सफलतापूर्वक सम्पन्न गरेपछि स्थानीयवासीले अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीको प्रशंसा गरेका छन्। स्थानीय सुशीला यादवका अनुसार यस घटनाले अस्पतालप्रति समुदायको विश्वाससमेत बढाएको छ।

सामाजिक अभियन्ता जसो माझीले भारदह अस्पतालमा तिम्ल्याहा सन्तानको सफल प्रसूति हुनु ग्रामीण स्वास्थ्य सेवाका लागि महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। उहाँले अस्पतालको स्तरोन्नति, आवश्यक उपकरण र दक्ष जनशक्तिको व्यवस्था गर्न सके स्थानीय स्तरमै जटिल प्रकृतिका स्वास्थ्य सेवा उपलब्ध गराउन सकिने धारणा व्यक्त गर्नुभयो।

# मधेशका बजेटसम्बन्धी दुई विधेयक प्रमाणीकरण

दैनिक समाचारदाता
जनकपुरधाम, १ साउन । मधेश प्रदेश प्रमुख डा. सुरेन्द्रप्रसाद कर्णले आर्थिक वर्ष २०८३/८४ सँग सम्बन्धित दुई महत्वपूर्ण विधेयक प्रमाणीकरण गरेका छन्।



प्रदेश प्रमुखको कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिअनुसार नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ प्रमाणीकरण गरिएको हो।

प्रमाणीकरण भएका विधेयकमध्ये विनियोजन विधेयकले आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सञ्चित कोषबाट सेवा तथा कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन र खर्च गर्ने कानुनी आधार प्रदान गरेको छ। त्यस्तै, आर्थिक विधेयकले प्रदेश सरकारका राजस्व तथा आर्थिक प्रस्ताव कार्यान्वयन गर्ने व्यवस्था गरेको छ।

प्रदेश सभाबाट पारित भई प्रमाणीकरणका लागि पठाइएका दुवै विधेयक असार ३२ गते प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका हुन्। यससँगै आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन तथा राजस्व व्यवस्थापनसम्बन्धी कानुनी प्रक्रिया औपचारिक रूपमा अघि बढ्ने भएको छ।

# सामाजिक आचारसंहिता लागू, हुलहुज्जत गर्नेलाई ५० हजारसम्म जरिवाना

दैनिक समाचारदाता
रौतहट, १ साउन । सामाजिक विकृति नियन्त्रण गर्दै शान्त, सभ्य र अनुशासित समुदाय निर्माण गर्ने उद्देश्यले रौतहटको वृन्दावन नगरपालिका-२ स्थित धनगढी टोलका बासिन्दाले सामूहिक सामाजिक आचारसंहिता लागू गरेका छन्।



वडा अध्यक्ष सिकिन्द्र पटेलको पहलमा बसेको टोल भेलाले विवाह, धार्मिक अनुष्ठान तथा सार्वजनिक गतिविधिलाई मर्यादित र व्यवस्थित बनाउन विभिन्न आचारसंहिता सर्वसम्मत रूपमा पारित गरेको हो।

निर्णयअनुसार विवाहका क्रममा जन्तीको नाममा हुने हुलहुज्जत, अभद्र व्यवहार, झैँझगडा तथा सामाजिक सद्भाव बिथोल्ने गतिविधिमा संलग्न व्यक्ति वा समूहलाई ५ हजारदेखि ५० हजार रुपैयाँसम्म सामाजिक जरिवाना गरिनेछ। आवश्यक परे कानुनी प्रक्रियासमेत अघि बढाइने व्यवस्था गरिएको छ।

त्यस्तै, धार्मिक तथा सामाजिक कार्यक्रममा उच्च ध्वनि क्षमताका 'डिजे' बजाएर ध्वनि प्रदूषण गर्ने कार्यलाई पनि नियन्त्रण गरिने भएको छ। समुदायलाई असर पुग्ने गरी ध्वनि प्रदूषण गराउने व्यक्ति वा समूहलाई सामाजिक कारबाहीसँगै जरिवाना गरिने निर्णय गरिएको छ।

भेलाले सार्वजनिक सरसफाइलाई पनि उच्च प्राथमिकतामा राखेको छ। मुख्य चोक, गल्ली तथा भित्री सडक नियमित रूपमा सफा राख्ने, सार्वजनिक सडकमा गाई, भैँसीलगायत चौपाया बाँध्ने वा छाडा छोड्ने पशुधनीलाई पहिचान गरी आवश्यक कारबाही तथा जरिवाना गर्ने व्यवस्था गरिएको टोलका ज्येष्ठ नागरिक सरफलाल राउतले जानकारी दिए। उनका अनुसार विवाह तथा अन्य सामाजिक कार्यक्रममा बढ्दो तडकभडक, अत्यधिक ध्वनि, सार्वजनिक सडकको अव्यवस्थित प्रयोग र सरसफाइप्रतिको बेवास्ताका कारण समुदायमा असहज वातावरण सिर्जना हुँदै आएको थियो। त्यसलाई नियन्त्रण गर्न स्थानीयवासीको सहमतिमा सामुदायिक आचारसंहिता लागू गरिएको हो।

भेलामा टोलको विकास, सामाजिक सद्भाव, सुरक्षा, अनुशासन र सार्वजनिक उत्तरदायित्वका विषयमा पनि छलफल भएको थियो। टोलवासीको सामूहिक हस्ताक्षरसहित पारित गरिएको यो निर्णय साउन १ गतेदेखि कार्यान्वयनमा ल्याइएको वडा अध्यक्ष पटेलले बताए।

स्थानीय सञ्चारकर्मी रुपेन्द्र पटेलले धनगढी टोलको पहलको प्रशंसा गर्दै नगरका सबै वडाले यस्तै आचारसंहिता लागू गर्न सके वृन्दावन नगरपालिकालाई शान्त, स्वच्छ, सभ्य र अनुशासित नगरका रूपमा विकास गर्न सहज हुने बताए।

अब उत्कृष्ट भविष्यको रोजाइ



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४